सुरक्षित भविष्यका लागि सञ्चय कोष

# सञ्चय कोष

e-newsletter

वर्ष : १, अङ्क : २, २०७० कार्तिक, मंसिर, पुष

## कर्मचारी सञ्चय कोषद्वारा सञ्चयकर्तालाई मुनाफा वितरण

कर्मचारी सञ्चय कोषले निर्धारित समयभित्रै आर्थिक वर्ष २०६९/०७० को लेखा परीक्षण सम्पन्न गरेको छ । लेखा परीक्षण पश्चात कायम भएको मुनाफा १ अर्ब ३६ करोड ४३ लाख रुपैयामध्येबाट सञ्चयकर्तालाई मुनाफा वितरण गर्न ९५ करोड ५० लाख छुट्याईएको छ ।

तदनुरुप सञ्चयकर्ताको आर्थिक वर्ष २०६९/२०७० को शुरु सञ्चयकोष मौज्दात रकममा ०.७५ प्रतिशतका दरले सम्बन्धित सञ्चयकर्ताको कोष खातामा मुनाफा जम्मा गरिएको छ ।

कोषले २०६९ पश्चात सेवाबाट अवकाश भएर सञ्चयकोष रकम भुक्तानी लगिसकेका सञ्चयकर्ताहरुलाई समेत उक्त मुनाफा दिने भएकाले २०६९ साउनदेखि २०७० पुस २८ गतेसम्म सञ्चयकोष रकम लगिसकेका सञ्चयकर्ताहरुलाई कोषका कार्यालयहरुमा सम्पर्क गरी मुनाफा रकम लिन पनि कोषले अनुरोध गरेको छ ।

लेखा परीक्षण पश्चात कायम भएको कोषको आर्थिक विवरणको संक्षिप्त झलक देहाय बमोजिम रहेको छ :

**आर्थिक वर्ष २०६९/२०७० को कोषको आर्थिक विवरणको संक्षिप्त झलक**

| विवरण | २०६९/७० | २०६८/६९ | वृद्धि (न्यून) | |
|---|---|---|---|---|
| | | | रु. | % |
| कुल स्रोत | १४५,७०३,३५५ | १२५,७५२,७५४ | १९,९५०,६०१ | १५.८६ |
| सञ्चयकोष | १४०,७०९,८६१ | १२१,४३९,६५१ | १९,२७०,२१० | १५.८७ |
| जगेडा कोष तथा मुनाफा | ३,४७७,९९८ | २,९७१,३३६ | ५०६,६६२ | १७.०५ |
| अन्य दायित्व तथा व्यवस्था | १,५१५,४९६ | १,३४१,७६७ | १७३,७२९ | १२.९५ |
| कुल उपयोग | १४५,७०३,३५५ | १२५,७५२,७५४ | १९,९५०,६०१ | १५.८६ |
| कुल ऋण तथा लगानी | १३९,३६३,२४८ | ११८,७७१,८७० | २०,५९१,३७८ | १७.३४ |
| स्थिर सम्पति | ८३५,८०३ | ६७५,४४९ | १६०,३५४ | २३.७४ |
| अन्य सम्पत्ति | ५,५०४,३०४ | ६,३०५,४३५ | (८०१,१३१) | (१२.७१) |
| जम्मा व्याज तथा घर वहाल आम्दानी | ११,३९७,५५८ | १०,५२२,१८२ | ८७५,३७६.०० | ८.३२ |
| व्याज खर्च | ९,४४९,३१२ | ८,६२८,७३४ | ८२०,५७८ | ९.५१ |
| व्यवस्थापन तथा अन्य खर्च | ६६३,६३५ | ६४७,१५४ | १६,४८१ | २.५५ |
| खुद मुनाफा | १,३६४,३२१ | १,१९१,६०० | १७२,७२१.०० | १४.४९ |

### भित्र पृष्ठमा

- कोषको बैंक खाता ABBS मा आबद्ध
- कोषले अब Website मार्फत सञ्चयकर्ताको गुनासो सुन्ने
- अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संघ (ISSA) को साधारणसभामा नेपाल सहभागी

# वरिष्ठ कार्यकारी मञ्चको अन्तर्क्रिया सम्पन्न

कर्मचारी सञ्चय कोषको व्यवस्थापकीय नीति निर्माणमा सहयोग पुऱ्याउन उच्च तहमा प्राज्ञिक अभ्यास गर्ने तथा ज्ञान र अनुभव आदानप्रदान गर्ने मञ्चका रुपमा विकास भएको कोषका प्रबन्धक तह र सोभन्दा माथिका अधिकारीको मञ्च "वरिष्ठ कार्यकारी मञ्च" को दोस्रो अन्तर्क्रिया सम्पन्न भएको छ ।

पुस २० गते सम्पन्न सो अन्तर्क्रियामा वरिष्ठ कार्यकारी मञ्चका पाँच मध्ये तीनवटा समूहले आ-आफ्नो क्षेत्रको अध्ययन गरी कार्यपत्र प्रस्तुत गरेका थिए । जसमध्ये "सामाजिक सुरक्षा अनुसन्धान तथा विकास समूह" का तर्फबाट "नेपालमा सामाजिक सुरक्षाको प्रस्तावित मार्गचित्र कर्मचारी सञ्चय कोषको भूमिका", "वित्तीय स्रोत व्यवस्थापन समूह" ले "कोषको लगानी नीति - २०६९ मा समसामयिक संशोधनको सान्दर्भिकता" र तेस्रो कार्यपत्र "सूचना तथा सञ्चार प्रविधि समूह"को तर्फबाट "Intranet and Opportunities at Employees Provident Fund" शीर्षकमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

"नेपालमा सामाजिक सुरक्षाको प्रस्तावित मार्गचित्र कर्मचारी सञ्चय कोषको भूमिका" विषयक कार्यपत्रद्वारा सामाजिक सुरक्षाको सैद्धान्तिक पक्ष, अवसर र चुनौतीहरु, सम्भावित स्वरुपका साथै कर्मचारी सञ्चय कोषले निर्वाह गर्न सक्ने भूमिकाका बारेमा चर्चा गरिएको थियो ।

त्यसैगरी "कोषको लगानी नीति-२०६९ मा समसामयिक संशोधनको सान्दर्भिकता" विषयक कार्यपत्रद्वारा Financial Resource Management को क्षेत्रमा ISSA को Investment Guideline अनुरुप कोषको लगानी नीतिमा - २०६९ मा गर्नुपर्ने परिमार्जनका प्रावधानहरु, देशको वित्तीय वजारमा उपलब्ध अवसरको पहिचान गरी उपलब्धि हासिल गर्न सकिने उपायहरु तथा लगानी नीति परिमार्जनका लागि अनुभव तथा ज्ञान उपयोगका बारेमा सुझाव प्रस्तुत गरिएको थियो ।

"सूचना तथा सञ्चार प्रविधि समूह"को तर्फबाट प्रस्तुत कार्यपत्रद्वारा कोषमा सूचना आदानप्रदान तथा सूचना प्रवाहका लागि प्रविधिको समयानुकूल प्रयोगमा जोड दिइएको थियो ।

कार्यपत्र प्रस्तुती पछि सहभागीहरुबीच सघन छलफल भएको र सो छलफलले तत् तत् विषयमा थुप्रै रचनात्मक सुझाव दिएको छ । कार्यकारी मञ्चको अन्तर्क्रियामा उपस्थित कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य, मुख्य अधिकृत श्री राधाकृष्ण पोते र श्री हसना शर्माले मञ्चको अन्तर्क्रियाबाट प्राप्त निष्कर्ष नीति निर्माणका लागि ज्यादै उपयोगी हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

अन्तर्क्रियामा "सामाजिक सुरक्षा अनुसन्धान तथा विकास समूह" का तर्फबाट श्री अर्जुनकुमार गौतमले, "वित्तीय स्रोत व्यवस्थापन समूह"का तर्फबाट श्री लक्ष्मीप्रसाद श्रेष्ठले र "सूचना तथा सञ्चार प्रविधि समूह" का तर्फबाट श्री सन्दीप तिम्सिनाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

## कोषको बैंक खाता ABBS मा आबद्ध

सञ्चयकर्ताहरुलाई प्रदान गर्दै आएको सेवा सुविधा प्रवाहलाई छिटोछरितो र प्रभावकारी बनाउन कर्मचारी सञ्चय कोषले राष्ट्रिय वाणिज्य बैंकको Any Branch Banking System (ABBS) मार्फत आफ्नो बैक खाता सञ्चालन गर्ने भएको छ ।

Any Branch Banking System (ABBS) सेवा शुरु गर्न मिति २०७० पुस १७ मा कोष र राष्ट्रिय वाणिज्य बैंकबीच सम्पन्न सम्झौता अनुसार राष्ट्रिय वाणिज्य बैंकको काठमाडौंस्थित मुख्य शाखामा रहेको कोषको **चल्ती खाता नं.** १०९ ०० ५० १४५ ०१ मार्फत कोषले सञ्चयकर्ता कार्यालय र सञ्चयकर्तासँग कारोबार गर्ने भएको हो ।

यही २०७० माघदेखि लागू हुनेगरी भएको यो सम्झौतापछि अब सञ्चयकर्ता कार्यालय एवम् सञ्चयकर्ता स्वयम्ले राष्ट्रिय वाणिज्य बैंकमा चलन चल्तिमा रहेको खाताको सट्टामा काठमाडौंस्थित मुख्य शाखामा रहेको कोषको **चल्ती खाता नं.** १०९ ०० ५० १४५ ०१ मार्फत सञ्चयकोष रकम जम्मा गर्नुपर्ने भएको छ ।

त्यसैगरी उक्त सम्झौता अनुसार सञ्चयकर्ता कार्यालय वा सञ्चयकर्ताले कोषकट्टी तथा सापटी कट्टीको फाँटवारी (Soft Copy र Hard Copy) समेत बैंकमा नै बुझाउन सक्ने व्यवस्थाका साथै सञ्चयकर्ताले बैंकमा आवश्यक कागजात पेश गरेर On-Line मार्फत विशेष सापटी समेत लिन सक्ने व्यवस्था गर्न कोष र वाणिज्य बैंकद्वारा गृहकार्य समेत भइरहेको छ ।

# अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संघ (ISSA) को साधारणसभामा नेपाल सहभागी

सामाजिक सुरक्षाको क्षेत्रको विकास र प्रवर्धनमा काम गर्दै आएको विश्व संस्था अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संघ (ISSA) को यही कात्तिक २४ देखि २९गतेसम्म कतारको राजधानी दोहामा सम्पन्न ३१ औं साधारणसभामा कर्मचारी सञ्चय कोषको ३ सदस्यीय प्रतिनिधि टोलीले सहभागिता जनाएको छ।

विश्वका १२७ देशका करिब १ हजार जना प्रतिनिधि सहभागी भएको सो साधारणसभामा कोषको तर्फबाट कोषको सञ्चालक समितिका सदस्य एवम् प्रशासक श्री कृष्णप्रसाद आचार्य, सञ्चालक समितिका सदस्य श्री ताराध्वज पाण्डे र नायव मुख्य अधिकृत श्री राजेन्द्र काफ्लेले भाग लिनु भएको हो ।

साधारणसभाको आरम्भमा अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संघ (ISSA) का अध्यक्ष Errol Frank Stoove र महासचिव Hans Horst Konkolesky ले सहभागीहरुलाई स्वागत गर्नुहुँदै विगत तीन वर्षको उपलब्धि र भावी कार्यक्रम प्रस्तुत गर्नु भएको थियो । सो साधारणसभामा सामाजिक सुरक्षा सम्बन्धी विशेषज्ञहरुले सामाजिक सुरक्षाका विविध विषयमा अवधारणा/कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने अन्य सहभागीहरुले आ-आफ्ना अनुभव र विचार आदानप्रदान गर्नु भएको थियो ।

सो समारोहमा सामाजिक सुरक्षाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याए वापत ब्राजिललाई ISSA Award प्रदान गरिएको थियो ।

कतारका प्रधानमन्त्री श्री अव्दुल बिन नासेर खलिफा अल थानीको प्रमुख आतिथ्यमा सम्पन्न साधारणसभाको उद्घाटन सत्रमा कतारका अर्थमन्त्री लगायत मन्त्री गण एवम् ओमान, चीन, ब्राजिल र दक्षिण अफ्रिकाका सामाजिक सुरक्षा मन्त्रीहरुको उपस्थिति रहेको थियो ।

सो अवसरमा नेपालको सामाजिक सुरक्षाका क्षेत्रमा कोषले खेल्दै आएको भूमिकाका बारेमा कोषको प्रतिनिधि मण्डलबाट जानकारी गराएको थियो भने ISSA का अध्यक्ष, महासचिव तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) को Social Protection Department का निर्देशक Mr. Isabel Ortiz ले कर्मचारी सञ्चय कोषलाई प्राविधिक सहयोग गर्न सकिने सम्भावना रहेको जानकारी गराउनु भएको थियो ।

सोही अवसरमा कोषको प्रतिनिधि टोलीले संघको साधारणसभामा भाग लिन कतार पुगेका विभिन्न राष्ट्रका सामाजिक सुरक्षाविद् तथा प्रतिनिधिहरुसँग आपसी हितका विषयमा कुराकानी गर्नुको साथै अनुभव आदानप्रदान पनि गरेको थियो ।

त्यसैगरी कोषको प्रतिनिधि टोली र कतारमा श्रमिकहरु आपूर्ति गर्ने आपूर्तिकर्ता र रोजगारदाताका प्रतिनिधिहरुबीच श्रमिकहरुको सञ्चयकोष व्यवस्था गर्न सकिने सम्भावनाका सम्बन्धमा समेत छलफल भएको थियो ।

## कोषले अब Website मार्फत सञ्चयकर्ताको गुनासो सुन्ने

कर्मचारी सञ्चय कोषले सञ्चयकर्तालाई कोषद्वारा प्रदान गरिएका सेवा सुविधाका बारेमा कुनै सञ्चयकर्ताले गुनासो गर्न चाहेमा कोषको Website मार्फत गुनासो गर्न सक्ने व्यवस्था मिलाउने भएको छ ।

कर्मचारी सञ्चय कोषका प्रशासकको अध्यक्षतामा क्रियाशील "कोषको न्यूनतम कार्यक्रम र कार्यदिशाको कार्यान्वयन गर्न गठित उच्च स्तरीय अनुगमन समिति" को मिति २०७० मङ्सिर १२ गते बुधबार बसेको बैठकले उक्त व्यवस्था गर्ने निर्णय गरेको हो ।

बैठकले आन्तरिक रुपमा कोषमा कार्यरत कर्मचारी तथा आम सञ्चयकर्ताहरुलाई सुसूचित गराउन भए गरेका कार्य तथा निर्णयहरु सम्बन्धित विभागले यथाशिघ्र कोषको website मा राख्न व्यवस्था मिलाउने निर्णय समेत गरेको छ ।

**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय
पुल्चोक, ललितपुर

### सम्पादन समूह

**संयोजक** मनोहरि भट्टराई
**सदस्य** रोचन श्रेष्ठ
**सदस्य** अर्जुनकुमार गौतम
**सदस्य** जीवनकुमार कट्वाल
**सचिव** जीवनाथ खनाल